# GCF आदिवासी जनजाति नीतिको सार

अरुण राई, टुङ्ग भद्र राई



PHOTO: TUNGA RAI







PHOTO: TUNGA RAI

# GCF आदिवासी जनजाति नीतिको सार

अरूण राई, टुङ्ग भद्र राई

## GCF आदिवासी जनजाति नीतिको सार

| | | |
|---|---|---|
| लेखन | : | **अरूण राई, टुङ्ग भद्र राई** |
| आवरण फोटो | : | **टुङ्ग भद्र राई** |
| सर्वाधिकार | : | **प्रकाशकमा** |
| पहिलो संस्करण | : | **२०१८, डिसेम्बर** |
| प्रकाशित प्रति | : | **१०००** |

# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
**Nepal Federation of Indigenous Nationalities (NEFIN)**
Secretariat of Federal Council

Regd. No. 7769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti,Lalitpur, Nepal
Phone/Fax: +977-1-5555454
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


नेपाल आदिवासी जनजाति महासंघ स्था.२०४७ संघीय परिषद्को सचिवालय



## मन्तव्य

हामी आदिवासी जनजातिहरूको जल, जमिन र जंगलसँग अन्योयाश्रित र सम्बन्ध छ। यो हाम्रो विशिष्ट पहिचान हो। प्रकृति र वनसँगको समीपमा रहेर वातावरण संरक्षण गर्ने हाम्रो आफ्नै परम्परागत पद्धति छ। यस पद्धतिले वनजंगलको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र प्रयोगलाई व्यावहारिक पनि बनाएको छ। वनक्षेत्रलगायत प्राकृतिक स्रोत संरक्षण गर्नमा आदिवासी जनजातिको महत्वपूर्ण योगदान छ। तथापि, विकासका नाममा हुने सडक विस्तार, कलकारखाना निर्माण, विद्युत केन्द्र स्थापनालगायत विभिन्न भौतिक संरचना निर्माण, नीति, रणनीति र कार्यक्रमहरूले नेपालका आदिवासी जनजातिहरूलाई नकारात्मक असर पार्दै आइरहेको छ। जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनका नाममा गरिने परियोजना, कार्यक्रम, नीति, रणनीति र क्रियाकलापहरूले पनि आदिवासी जनजातिहरूलाई नकारात्मक असर पार्न सक्दछ।

नेपाल आदिवासी जनजाति महासंघ नेपालका सम्पूर्ण आदिवासी जनजातिहरूको एकमात्र साझा छाता संस्थाले आदिवासी जनजातिहरूको सबैखाले अधिकारको लागि लड्दै आएको सन्दर्भमा विगत एक दशकदेखि *नेपाल आदिवासी जनजाति जलवायु परिवर्तन कार्यक्रम* स्थापना गरी जलवायु परिवर्तन र प्राकृतिक स्रोतको क्षेत्रमा आदिवासी जनजातिका अधिकार र सवालहरूलाई स्थापित गर्दै र गराउँदै आएको छ।

नेपाललगायत विभिन्न देशमा जलवायु परिवर्तनसम्बन्धी धेरैखाले कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। नेपालले पनि हरित जलवायु कोष **(Green Climate Fund)** को बित्तीय सहयोग लिने तयारी गरिरहेको संन्दर्भमा *नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन कार्यक्रम*ले 'हरित जलवायु कोष **(Green Climate Fund)** आदिवासी जनजाति नीतिको सार' प्रकाशन गरी आदिवासी जनजातिहरूको अधिकार, परम्परागत ज्ञान, मूल्य, मान्यतालाई जलवायु परिवर्तन क्रियाकलापमा सुनिश्चितता गराउन माग गर्दछौं।

अन्तमा, आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र **(UNDRIP)**, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९ **(ILO C. 169)**, जलवायु परिवर्तन महासन्धि खाकाको पेरिस सम्झौता **(UNFCCC Paris Agreement** र स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी **(FPIC)** अनुरूप **(Green Climate Fund)** को बित्तीय सहयोग कार्यान्वयनका लागि नेपाल सरकार र सरोकारवाला सबैलाई माग गर्दछु। साथै प्रकाशन सामग्री तयार पार्ने टुङ्ग भद्र राई र अरुण राई, प्रकाशनमा सहयोग पुऱ्याउने संस्था **(IWGIA)** प्रति आभार व्यक्त गर्दछु।

धन्यवाद।

...................................
**जंगतबहादुर बराम**
अध्यक्ष

# विषयसूची


१. परिचय **(Introduction)**/५

२. नीतिको उद्देश्य **(Policy Objectives)**/६

३. कार्यान्वयन क्षेत्र **(Scope of Application)**/९

४. निर्देशक सिद्धान्त **(Guiding Principles)**/१०

५. भूमिका र दायित्व **(Overview of Roles and Responsibilities)**/११

६. आवश्यकता **(Requirements)**/१३

७. कार्यान्वयन **(Implementation)**/२७

८. नीति लागू मिति र समीक्षा **(Effective Date and Review)**/३२

## १. परिचय (Introduction)

हरित जलवायु कोष (Green Climate Fund–GCF) जलवायु परिवर्तनका चुनौतिहरूलाई सम्बोधन गर्ने तर्फ विकासोन्मुख देशहरूको प्रयासलाई सहयोग गर्ने हेतुले स्थापना गरिएको एक अन्तर्राष्ट्रिय कोष हो । सन् २०१० मा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्टसंघीय खाका महासन्धि (UNFCCC) का १९४ पक्ष राष्ट्रहरूले उक्त महासन्धिको वित्तीय संयन्त्रको रूपमा यो कोष खडा गरेको हो ।

यो कोषको सञ्चालनार्थ GCF ले विभिन्न नीति तथा निर्देशिका निर्माण गरेको छ । त्यसमध्ये GCF को आदिवासी जनजाति सम्बन्धी नीति (GCF Indigenous Peoples policy) एक हो । यो नीति सन् २०१८ को शुरूवाततिर बसेको GCF को १८औं बोर्ड बैठकले अनुमोदन गरेको हो । जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तथा आयोजनाका लगानीमा आदिवासी जनजातिका अधिकारलाई सम्मान, संरक्षण र प्रबर्द्धन गर्ने हिसाबले यो नीति ल्याइएको हो ।

जलवायु परिवर्तनसम्बन्धी नीति तथा कार्यहरूमा आदिवासी जनजातिको संलग्नताको महत्व UNFCCC अन्तर्गतका क्यानकुन सम्झौता, पेरिस सम्झौता जस्ता दस्तावेजहरूले स्वीकार गरिसकेको छ । आदिवासी जनजातिका अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्रसंघीय घोषणापत्र, अन्तराष्ट्रिय श्रम संगठन महासन्धि १६९, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, सबै प्रकारका विभेद उन्मुलनसम्बन्धी महासन्धि, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र आदिवासी जनजातिसम्बन्धी विश्व सम्मेलनका सिद्धान्तहरूबाट मार्गनिर्देशित भई, साथै थुप्रै आदिवासी जनजाति संगठनहरूसँगको सहयोग र सहभागितामा नीति तयार पारिएको नीतिमा उल्लेख छ ।

आदिवासी जनजातिका पहिचान र आकांक्षा गैरआदिवासी जनजातिका तथा मूलप्रवाह समूहहरूको भन्दा पृथक रहेका तथ्यलाई यो नीतिले मान्यता दिएको छ । आदिवासी जनजातिका आर्थिक, सामाजिक र कानूनी अवस्थाले गर्दा भूमि, जल, जमीन र प्राकृतिक तथा साँस्कृतिक स्रोत साधनहरूप्रतिको उनीहरूका हक हित रक्षा गर्न बारम्बार उनीहरूलाई कठिनाई भएको छ, जसले विकास तथा जलवायु परिवर्तन सम्बन्धी कार्यहरूमा सहभागी हुने र ती कार्यहरूबाट लाभ लिने अवसरबाट उनीहरूलाई टाढा राख्नसक्छ ।

धेरै अवस्थाहरूमा उनीहरूसँग आयोजनाका लाभहरूको समतामुलक पहुँच छैन, वा त्यस्ता लाभहरू साँस्कृतिक रूपमा समुचित हुँदैनन् वा साँस्कृतिक रूपमा समुचित तवरले उनीहरूलाई प्रदान गरिदैन । आदिवासी जनजाति समुदाय र उनीहरूको जीवनलाई गहिरो असर पार्ने क्रियाकलापहरूको खाका निर्माण गर्दा र तिनीहरूको कार्यान्वयन गर्दा उनीहरूसँग सधै पर्याप्त मात्रा र माध्यम माफर्त परामर्श गरिदैन ।

जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लक्ष्यहरू हासिल गर्ने तर्फ अग्रसर हुँदै गर्दा यो नीतिले आदिवासी जनजातिसँग सम्बन्धित कुराहरू GCF निर्णय प्रक्रियामा समेट्न सहयोग गर्नेछ । GCF क्रियाकलापहरूका नकारात्मक प्रभावहरू आदिवासी जनजातिमा पर्न नदिन र यदि त्यस्ता प्रभावहरूलाई टार्न सक्ने स्थिति नरहेमा, त्यस्ता प्रभावहरू घटाउने र/वा त्यस्ता प्रभावहरूवापत् आदिवासी जनजातिलाई यथोचित र समतामूलक ढंगबाट क्षतिपूर्ति दिनको लागि यो नीतिले अवसर सृजना गर्ने नीतिमा जनाइएको छ ।

## २. नीतिको उद्देश्य (Policy Objectives)

नीतिको उल्लेखित समग्र उदेश्य भनेको GCF क्रियाकलापहरूको खाका निर्माण र कार्यान्वयन गर्न एक यस्तो संरचना प्रदान गर्नु हो, जसले आदिवासी जनजातिको अधिकार सम्मान, सम्बर्द्धन र संरक्षण गर्दछ ताकि उनीहरू GCF क्रियाकलापहरूबाट साँस्कृतिक रूपमा उपयुक्त तवरले लाभान्वित होउन् र ती क्रियाकलापहरूले उनीहरूलाई नकारात्मक रूपले प्रभावित नपारोस् ।

**अनुच्छेद ११ अनुसार नीतिका विशिष्टिकृत उद्देश्यहरू निम्नानुसार रहेका छन् :**

क) आदिवासी जनजातिका परम्परागत ज्ञान, जिविकोपार्जन, दिगो स्रोत व्यवस्थापन अभ्यासहरू र प्रणालीहरूको आधारमा, उनीहरूलाई जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनसँग सम्बद्ध उनीहरूको हित, योगदान र नेतृत्वलाई पहुँचयोग्य, अधिकारमा आधारित, लैंगिक हिसाबले जवाफदेही र साँस्कृतिकरूपले समुचित र समावेशीढंगबाट टेवा दिनु र सम्बर्द्धन गर्नु ।

ख) थप प्रभावकारी, दिगो र समतामुलक जलवायु परिवर्तन परिणामहरू र प्रभावहरूको निम्ति GCF लाई सघाउन आदिवासी जनजातिको अहम् भूमिकालाई सबलीकरण गर्नु र उक्त प्रक्रियामा उनीहरूलाई सक्रिय अगुवा र सहभागीकोरूपमा सक्षम तुल्याउनु ।

ग) GCF को वित्तीय सहयोगमा संचालित अथवा संचालनको लागि प्रस्तावित क्रियाकलापहरू हुने क्षेत्रहरूमा अवस्थित वा त्यस्ता क्षेत्रहरूसँग सामुहिकरूपमा जोडिएका आदिवासी जनजातिलाई पुर्णरूपमा सुसूचित गर्नु र उनीहरूबाट परामर्श र मञ्जुरी लिनु । साथै,आयोजना ढाँचा निर्माण र कार्यान्वयन व्यवस्था निर्धारणमा उनीहरूको सक्रिय सहभागीताको निम्ति अवसर सृजना गर्नु ।

घ) GCF लाई उसका कुनै पनि क्रियाकलापबाट आदिवासी जनजातिका अधिकार, इच्छा र हितमाथि पर्ने प्रतिकुल असरहरूबारे पुर्वाभाष दिलाउनु र त्यस्ता असरहरूको रोकथामको खाका प्रदान गर्नु, न्यूनीकरण गर्नु र/अथवा यथोचित र समतामूलक क्षतिपूर्तिको व्यवस्था गर्नु ।

ङ) आदिवासी महिला तथा बालिकाले आफ्ना समुदायभित्रै सामना गर्नुपरेका

विविध चुनौतिहरूलाई विशेष ध्यान दिनु । परम्परागत ज्ञान सीपको वाहक र साँस्कृतिक तथा आध्यात्मिक सम्पदा र मूल्य मान्यताका संरक्षकको रूपमा रहेका आदिवासी महिलाको भूमिकालाई मध्यनजर गर्दै GCF क्रियाकलापहरूमा उनीहरूको सहभागिता र नेतृत्वको प्रवर्द्धन गर्नु ।

च) आदिवासी जनजातिका अधिकार, आत्मसम्मान, आकांक्षा, पहिचान, संस्कृति, जीवनशैली, स्वायत्तता, नायकत्व र प्राकृतिक स्रोत साधनमा आश्रित उनीहरूको जीवन पद्धति र भू-व्यवस्थापनलाई GCF को समस्त क्रियाकलापहरू तथा कार्यहरूमा सबलीकरण गर्नु र प्रवर्द्धन गर्नु । ILO १६९ र UNDRIP लगायतका अन्य सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रावधानहरूको पालना गर्नु ।

छ) परम्परागतरूपमा आदिवासी जनजातिले स्वामित्व ग्रहण वा प्रयोग गर्दै आएको तथा अन्य कुनै तवरबाट आदिवासी जनजाति अधिनस्थ भूमि, जमिन र स्रोत साधनहरूको स्वामित्व, उपयोग, विकास र नियन्त्रण गर्न पाउने उनीहरूको अधिकारको सम्वर्द्धन र सम्मान गर्नु ।

ज) आदिवासी जनजातिका अधिकार संस्कृति, ज्ञान र अभ्यासहरूलाई मान्यता दिनु तथा सम्मान र संरक्षण गर्नु एवं उनीहरूलाई बदलिदो परिस्थितिहरूमा अनुकुलित हुने अवसर उनीहरूलाई स्वीकार्य तवरबाट र समयसीमा अनुरूप प्रदान गर्नु ।

झ) आदिवासी जनजातिका सांस्कृतिक तथा आध्यात्मिक सम्पदा र मूल्य मान्यताहरू, परम्परागत ज्ञान, प्राकृतिक तथा आर्थिक स्रोत व्यवस्थापन पद्धतिहरू, पेशा तथा जीविकोपार्जनका उपायहरू, प्रथाजनित संस्थाहरू र उनीहरूको समग्र हितको संरक्षण, पूर्ण सम्मान, संरक्षण र प्रबर्द्धन गर्नु ।

ञ) नीतिमा व्याख्या गरिएअनुरूप अग्रिम जानकारीसहितको मञ्जुरीको सिद्धान्तलाई मान्यता दिनु र सो प्रभावकारीरूपमा लागू गर्नु ।

ट) GCF क्रियाकलापबाट प्रभावित आदिवासी जनजाति महिला, युवा र ज्येष्ठ नागरिकलगायत आदिवासी जनजातिसँग पूर्ण सुसूचित परामर्श र प्रभावकारी सहभागिताको आधारमा निरन्तर सहकार्य स्थापित र कायम गर्नु ।

ठ) आदिवासी जनजातिका समस्याहरू सम्बोधन गर्न निर्मित GCF क्रियाकलाप सम्बद्ध सबै गुनासो सुनुवाइ संयन्त्रहरूको प्रभावकारिताको र त्यस्ता संयन्त्रहरू पहुँचयोग्य, न्यायोचित, पारदर्शी र साँस्कृतिकरूपले समुचित रहेको सुनिश्चित गर्नु ।

ड) GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापहरूबाट हुने लाभप्रतिको आदिवासी जनजातिको समतामूलक पहुँचलाई मान्यता दिनु र सो कार्यान्वयन गर्नु ।

## ३. कार्यान्वयन क्षेत्र (Scope of Application)

GCF को वित्तीय सहयोगमा संचालित सबै क्रियाकलापहरू र निजी तथा सार्वजनिक र सरकारी दुवै क्षेत्रका इकाईहरूमा[१] नीति लागू हुने उल्लेख गरिएको छ । त्यस्तै, GCF द्वारा अनुमोदन भइसकेका क्रियाकलापहरूमा पनि युक्तिसम्मत हिसाबले संभव हुने हदसम्म नीति लागू हुनेछ । क्रियाकलापहरू अन्तर्गत कार्यक्रम, आयोजना र परियोजना रहने र GCF का वित्तीय औजारहरू फरक फरक हुने जसअन्तर्गत अनुदान, सहुलियत कर्जा, धितो र इक्वीटि लगानी पर्न सक्ने कुरा नीतिमा जनाइएको छ ।

नीति आदिवासी जनजातिमा लागू हुनेछ । विभिन्न देशहरूमा विभिन्न शब्दावलीहरूको प्रयोग भइआए पनि, नीतिले स्व-पहिचान, सामूहिक सम्बन्ध[२], प्रथाजनित प्रणाली र छुट्टै भाषा जस्ता साझा गुणहरू भएका जुनसुकै समूहलाई पनि अदिवासी जनजाति भनी पहिचान गरेको छ । त्यस्तै आदिवासी जनजाति पहिचान गर्दा सामान्यतया स्वीकार र कार्यान्वयन गरिएका मापदण्डहरूलाई नीतिले ध्यान दिने जनाइएको छ ।

आदिवासी जनजातिको उपस्थिति रहेको, विगत वा वर्तमानमा उनीहरूको सामूहिक सम्बन्ध वा अधिकार रहेका क्षेत्रहरूको सन्दर्भमा नीति लागू हुने कुरा नीतिमा उल्लेख छ । यसअन्तर्गत बलपूर्वक निष्काशन, द्वन्द्व, सरकारी

(१) इकाई भन्नाले आयोजना तथा कार्यक्रमका लागि GCF को वित्तीय स्रोतका लागि सम्बन्धन प्राप्त संस्था वा निकाय हुन् । यस्ता संस्था वा निकाय राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्वरूपमा हुनुको साथै सार्वजनिक वा निजी पनि हुन सक्छन् ।

(२) नीतिको अनुच्छेद ९ बमोजिम सामूहिक सम्बन्ध भन्नाले परम्परागतरूपमा स्वामित्व ग्रहण गरिएको, वा प्रथाजनित हिसाबले प्रयोग गरिएको वा ओगटिएका भूमि र जमिनमा सम्बन्धित समुदायको पुस्तौं पुस्तादेखि बसोबास वा त्यस्ता भूमि जमिनसँगको उनीहरूको आर्थिक सम्बन्ध जनाउँदछ । यस्ता भुमि जमिनअन्तर्गत पूजास्थल जस्ता समुदायसँग विशेष महत्व राख्ने क्षेत्रहरूलगायत पर्दछन् ।

पुनर्वास कार्यक्रम, प्राकृतिक प्रकोप, सहरीकरण जस्ता जुनसुकै कारणबाट परियोजना स्थलमा अवस्थित आफ्ना पृथक बासस्थान वा पुख्र्यौली थातथलो र जमिनप्रतिको सामूहिक सम्बन्ध गुमाएका आदिवासी जनजाति पर्ने नीतिले प्रष्ट पारेको छ । साथै आदिवासी जनजातिलाई सकारात्मक वा नकारात्मक जुनसुकै किसिमले असर गरेपनि र प्रभावले जे जस्तो अर्थ राखे पनि नीति लागू हुने भनिएको छ ।

राज्यले आदिवासी जनजातिलाई कानूनी रूपमा मान्यता नदिएको भए पनि, नीति कार्यान्वयनमा त्यसले कुनै वाधा नपार्ने जनाइएको छ । नीति कार्यान्वयनमा आदिवासी जनजातिका भूमि, स्रोत र भूमि अधिकारबारे कानूनी अवस्थाले कुनै असर नगर्ने र स्पष्ट आर्थिक, राजनीतिक वा सामाजिक जोखिम भए वा नभए पनि नीति लागू हुने नीतिमा उल्लेख छ, यद्यपि लाभको समतामूलक पहुँचलाई वढावा दिन वा नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न योजना बनाउँदा यस्ता जोखिमका प्रकृति र हदलाई एक मुख्य निर्धारकको रूपमा लिइने नीतिमा जनाइएको छ ।

## ४. निर्देशक सिद्धान्त (Guiding Principles)

GCF का चालु र प्रस्तावित नीतिहरूका मार्गदर्शक सिद्धान्तहरू GCF आदिवासी जनजातिसम्बन्धी नीतिमा पनि लागू हुने र यसको अतिरिक्त निम्न मान्यता एवं अवधारणाबाट नीति निर्देशित हुने नीतिमा उल्लेख छ :

क) अग्रिम जानकारीसहितको मञ्जुरीको कार्यान्वयन ।

ख) आदिवासी जनजातिका आफ्ना भूमि, जल, जमिन र स्रोत साधनहरूप्रतिको अधिकारको सम्मान र बढोत्तरी ।

ग) UNDRIP, ILO 169 लगायतका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी प्रावधानहरू र सिद्धान्तहरूको मान्यता ।

घ) आदिवासी जनजातिको स्वेछिकरूपमा अन्य समुदायहरूबाट छुट्टै एकान्त बस्न पाउने अधिकारको (rights under voluntary isolatition) सम्मान ।

ङ) परम्परागत ज्ञान र जीविकोपार्जन प्रणालीको कदर र मान्यता ।

च) आदिवासी जनजातिका मुद्दाहरूको सम्बोधन गर्न GCF को आन्तरिक क्षमता अभिबृद्धि ।

छ) आदिवासी जनजातिको GCF स्रोतहरूप्रतिको पहुँच सहजीरण ।

ज) आदिवासी जनजातिको स्व-शासन प्रणालीको सम्मान ।

## ५. भूमिका र दायित्व (Overview of Roles and Responsibilities)

GCF र सम्बन्धन प्राप्त इकाइ[३] को समष्टिगत भूमिका र दायित्व नीतिमा उल्लेख छ :

### GCF को भूमिका र दायित्व

- नीति सञ्चालन निर्देशिकाको विकास र अध्यावधिक कार्य ।
- नीति कार्यान्वयनबाट प्राप्त अनुभव र ज्ञानको दस्जावेजीकरण र सञ्चार ।
- नीति कार्यान्वयन गर्ने इकाईहरूलाई GCF को सम्बन्धन दिने र इकाईहरूको क्षमता निर्धारण गरी क्षमता भएकाहरूलाई आवश्यक सहयोग गर्ने कार्य ।
- परियोजना चक्रभरि जोखिमको व्यवस्थापनसम्बन्धी ।
- सूचना सार्वजनिकीकरण, सरोकारवालाको सहभागिता र गुनासो सुनुवाई सम्बन्धी ।
- सम्बन्धन प्राप्त इकाईद्वारा सम्बन्धनका दायित्वहरू, GCF नीति, र IPP[४] वा आदिवासी जनजाति योजना निर्माण खाका (IPPF), सम्बन्धित राष्ट्रिय कानून र नियमावली र सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता अधिनस्थ राज्यका दायित्वहरू पालनासम्बन्धी ।
- आदिवासी जनजाति सल्लाहकार समूहको कामलाई सहयोग गर्नु र उक्त

(३) GCF ले निर्धारण गरेको मापदण्ड पूरा गरी सम्बन्धन हासिल गरेका संस्था वा निकाय सम्बन्धन प्राप्त इकाई हुन् । इकाई निजी, सार्वजनिक, गैरसरकारी, राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय जुनै पनि हुनसक्छन् र तिनीहरूले GCF को वित्तीय सहयोगमा संचालन हुने कार्यक्रम तथा आयोजनाको लागि प्रस्ताव पेश गर्न सक्नेछन् । साथै, इकाईले मात्र कार्यक्रम तथा आयोजनाको व्यवस्थापन गर्न पाउनेछन् ।

(४) आदिवासी जनजाति योजना (Indigenous Peoples Plan) ले परियोजनाबाट आदिवासी जनजातिलाई पर्ने प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्ने र/वा त्यस्ता प्रभावहरूवापत् क्षतिपूर्ति दिने, र सकारात्मक प्रभावहरू अभिवृद्धि गर्न अवसरहरू पहिचान गर्ने कार्यहरूको रूपरेखा तयार गर्दछ । यसमा साँस्कृतिक समुचितताको मान्यता पनि पालना गरिनुपर्दछ । स्थानीय परिस्थिति अनुसार, IPP अलग्गै योजना हुनसक्छ वा बृहत्तर सामुदायिक विकास योजनाको एक अंश पनि हुनसक्छ ।

समूहको सिफारिसहरू प्रभावकारी रूपमा बोर्ड, सम्बन्धन प्राप्त इकाई, राज्य र अन्य सम्बन्धित संगठन वा व्यक्तिसम्म पुऱ्याउने ।

- नीति कार्यान्वयनको आवधिक समीक्षामा सहयोग गर्ने ।

## सम्बन्धन प्राप्त इकाईको भूमिका र दायित्व

**क) GCF वित्तको लागि प्रस्तावित क्रियाकलापको हकमा :**

- नीतिले व्यवस्था गरेअनुरूप अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC) र अर्थपूर्ण सहभागिता[५]को सुनिश्चित गर्ने ।
- प्रस्तावित क्रियाकलापहरू सम्बद्ध जोखिम र प्रभावहरूको व्यवस्थापन गर्न आयोजना चक्रभरि नै आदिवासी जनजातिको संलग्नतासहितको व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने ।
- प्रस्तावित क्रियाकलापहरूको उचित छनौट, जोखिमहरूको वर्गीकरण तथा जोखिम एवं प्रभावको यथेष्ठ अध्ययन सुनिश्चत गर्ने ।
- प्रस्तावित क्रियाकलापहरूको मूल्यांकन (due diligence) गर्न GCF सँग सहकारिता गर्ने ।
- प्रस्तावित क्रियाकलापहरूमा प्रतिकूल प्रभावहरूको रोकथाम वा न्यूनीकरण, क्षतिपूर्ति व्यवस्था, पुनर्स्थापना योजना उपायहरूको सुनिश्चित गर्ने ।
- GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापहरूबारे GCF सूचना सार्वजनिक नीतिअनुरूप सूचना सार्वजनिक गर्ने, र इकाई तथा क्रियाकलाप तहमा गनासो सुनुवाइ संयन्त्रसहितको सरोकारवाला संलग्नताको विकास र कार्यान्वयन गर्ने ।
- प्रस्तावित क्रियाकलापहरूबाट प्रभावित व्यक्तिहरूको गुनासा सम्बोधन

(५) यस नीतिअनुसार अर्थपूर्ण परामर्श (Meaningful consultation) भन्नाले दुईतर्फी प्रक्रिया जनाउँदछ, जुन/जसले क) आयोजना प्रस्तावबारे प्रारम्भिक धारणाहरू संकलन गर्न र आयोजनाको खाकाबारे जानकारी दिन आयोजना योजना निर्माण चरणमै शुरू हुन्छ, ख) सरोकारवालाका feedback (वातावरणीय तथा सामाजिक जोखिम र प्रभावको पहिचान र न्यूनीकरणबारे जानकारी दिने हिसाबले) लाई प्रोत्साहन गर्छ, ग) जोखिम र प्रभाव देखा पर्दा निरन्तर चलिरहन्छ, घ) सम्बन्धित सूचनाहरू पहिल्यै खुलाइने आधारमा आधारित हुन्छ (साँस्कृतिक रूपमा समुचित फर्म्याट्मा, बुझिने सम्बन्धित स्थानीय भाषामा), ङ) Feedback बारे ध्यान दिन्छ र जवाफ दिन्छ, च) परियोजनाबाट प्रभावित पक्षहरूसँगको सक्रिय र समावेशी संलग्नतालाई सहयोग गर्छ, छ) बाह्य प्रभाव, हस्तक्षेप, बलजफ्ती, विभेद र धम्कीरहित छ, र ज) अभिलिखित र सार्वजनिक छ ।

गर्दा स्वतन्त्र सुनुवाई संयन्त्र (Redress Mechanism) को सिफारिसमा बोर्डद्वारा जारी उपचारात्मक उपायहरूको कदर र अविलम्ब कार्यान्वयन सुनिश्चित गर्ने ।

**ख) GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापको हकमा :**

- FPIC, IPP, / IPPFF को कार्यान्वयन, अनुगमन र निरन्तर सुधार आवश्यकता अनुसार भएको सुनिश्चित गर्ने ।
- नीति तथा अन्य IPP, IPPF अनुरूप GCF वित्तीय सहयोग प्राप्त क्रियाकलापहरूको काम र प्रगतिको अनुगमन गर्ने र सोको GCF र सरोकारवालाहरूलाई प्रतिवेदन दिने ।

**अन्य**

- सम्बन्धन प्राप्त इकाईले FPIC, अर्थपूर्ण परामर्श, सूचना सार्वजनिकीकरण, सरोकारवाला संलग्नता र गुनासो सुनुवाइलगायतका नीति कार्यान्वयन गर्ने उपायहरू कार्यान्वयन इकाइ[६]सँगको सम्झौता कागजातमा रहेको सुनिश्चित गर्ने ।
- राष्ट्रिय कानून पालना गर्ने र अन्तर्राष्ट्रिय सन्धि सम्झौताअन्तर्गत क्रियाकलापहरूसँग प्रत्यक्ष सरोकार राख्ने देशको दायित्व पालना गराउने जिम्मेवारी सम्बन्धन प्राप्त इकाईको हुने ।
- आर्थिक मध्यवर्ती निकायहरू (intermediaries) को काम गरिरहेका इकाईहरू क्रियाकलापसँग सम्बन्धित जोखिमहरू व्यवस्थापन गर्न जिम्मेवार रहने ।
- सम्बन्धन प्राप्त इकाईले प्रभावित भएका वा प्रभावित हुन सक्ने समुदायहरूसँग उचित परामर्श (अर्थपूर्ण, सहभागितामूलक र प्रभावकारी परामर्श) गरी GCF मापदण्डबमोजिम उनीहरूका सरोकारहरूको सम्बोधन गर्नुपर्ने ।

## ६. आवश्यकता (Requirements)

GCF आदिवासी जनजातिसम्बन्धी नीतिको एक प्रमुख उद्देश्य भनेको GCF

(६) कार्यान्वयन इकाई GCF को लगानीमा सञ्चालित कार्यक्रम/आयोजनाको कार्यान्वयन जिम्मेवार निकाय हो । राष्ट्रमा एकभन्दा बढी यस्ता इकाई जिम्मेवार हुन सक्छन् । यस्ता इकाईलाई कार्यकारी इकाईले छनौट गर्छन् र तिनीहरूप्रति नै उत्तरदायी हुन्छन् । कार्यान्वयन इकाई र राष्ट्रिय कार्यान्वयन इकाई एउटै संस्था पनि हुन सक्छन् ।

को वित्तीय सहयोग प्राप्त क्रियाकलापहरू संचालन क्षेत्रमा बसोबास गर्ने वा त्यस क्षेत्रसँग सामूहिक सम्बन्ध रहेका आदिवासी जनजातिको परियोजनाको खाका एवं कार्यान्वयन व्यवस्था निर्धारणमा सक्रिय सहभागिताको निम्ति उनीहरूलाई पूर्णरूपले सूचित गर्ने, परामर्श गर्ने र यथेष्ठ तथा वैधानिक अवसर प्रदान गर्ने, र यथेष्ठ र वैधानिक अवसरहरू प्रदान गर्ने कुराहरूको सुनिश्चित गर्नु रहेको नीतिमा उल्लेख छ ।

नीतिअनुसार सम्बन्धन प्राप्त इकाईले आयोजाना क्षेत्रमा बसोबास गर्ने वा त्यस स्थानसँग सामूहिक सम्बन्ध भएका आदिवासी जनजातिका साथै सरकारसँग सहकार्य गर्दा उक्त आदिवासी समुदायमा पर्ने अपेक्षित प्रत्यक्ष र अप्रत्यक्ष आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय प्रभावहरूको प्रकृति र हदको आंकलन गर्नेछ । सो आधारमा इकाईले उक्त आदिवासी समुदाय र सरकारलाई समेत

**IPP अन्तर्गत निम्न तत्वहरू हुनुपर्नेछ**

- आधार रेखा सूचना (स्वतन्त्र र सहभागीमूलक वातावरणीय र सामाजिक जोखिम र प्रभाव मूल्यांकन पद्दतिबाट) ।
- प्रभाव, जोखिम र अवसरको मुख्य निष्कर्ष र विश्लेषण ।
- नकारात्मक प्रभाव रोकथाम र न्यूनीकरण गर्ने र सकारात्मक प्रभाव र अवसर अभिबृद्धि गर्ने उपायहरू ।
- समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन ।
- वातावरणीय र सामाजिक जोखिम र प्रभाव मूल्यांकन प्रक्रियाहरूमा गरिने परामर्शका नतिजाहरू (सहभागी व्यक्ति वा संस्थाका सूची, समय तालिका, FPIC र आगामी संलग्नता योजनासहित) ।
- लैंगिक मूल्यांकन र कार्ययोजना
- गुनासो सुनुवाइ संयन्त्र
- स्वामित्व व्यवस्था
- लागत, बजेट, समयतालिका र संस्थागत जिम्मेवारी
- अनुगमन, मूल्यांकन र प्रतिवेदन

सहभागी गराई परामर्श रणनीति बनाउनु पर्नेछ । साथै त्यस्ता माध्यमहरू पनि इकाईले पहिचान गर्नेछ जसबाट आदिवासी जनजाति GCF क्रियाकलापको खाका निर्माण र कार्यान्वयनमा एवं लाभको समतामूलक वितरणमा सहभागी हुन सक्नेछन् ।

त्यस्तै, सम्बन्धन प्राप्त इकाईका प्रस्तावित उपायहरू र कार्यहरू GCF क्रियाकलापहरूबाट प्रभावित हुन सक्ने आदिवासी जनजातिसँगको सहकार्यमा निर्माण गरिनेछ, जसलाई साँस्कृतिक रूपमा समुचित र समय सीमासहितको योजनामा समावेश गरिनेछ । आदिवासी जनजातिमाथि प्रभाव पर्ने जुनसुकै अवस्थाहरूमा, सम्बन्धन प्राप्त इकाईले उनीहरूसँग मिलेर IPP, वा IPPF (निश्चित क्रियाकलापहरू र स्थलहरू यकिन नभइसकेको अवस्थामा) निर्माण गर्नेछ । IPP र IPPF ले GCF लगानीको लागि प्रस्तावित कार्यक्रम र परियोजनाको सामाजिक मूल्यांकनको पुरकको रूपमा रहने र प्रभावित आदिवासी जनजातिको आवश्यकताहरू सम्बोधन गर्ने सम्बन्धमा निश्चित सवालहरूलाई मार्गदर्शन गर्नेछ । परियोजना र निश्चित देशको सन्दर्भ अनुकूल IPP वा IPPF को खाका र शीर्षक तय गरिनेछ ।

यदि सम्बन्धन प्राप्त इकाई मध्यवर्ती भूमिकामा रहेको अवस्थामा, सम्बन्धन प्राप्त इकाईले कार्यान्वयन इकाई वा अन्य मध्यवर्ती निकायहरूले यो नीतिको पालना भएको सुनिश्चित गर्नुपर्ने र मिश्रित समुदाय भएको अवस्थामा अथवा आदिवासी जनजाति विभिन्न सामाजिक र जातीय समूहहरू निकट रहिआएको अवस्थामा आदिवासी जनजाति र अन्य त्यस्ता समूह, जो सँगै वा एक अर्काको निकट सामिप्यमा बस्छन्, दुबैको हितको लागि यो नीति लागू गरिनुर्ने व्यवस्था नीतिले गरेको छ ।

## केवल आदिवासी जनजाति लाभग्राही हुने क्रियाकलापहरू

आदिवासी जनजातिलाई मात्र फाइदा हुने क्रियाकलापहरूहरूको खाका बनाउनु पर्दा, सम्बन्धन प्राप्त र कार्यान्वयन इकाईले सम्बद्ध आदिवासी समुदायसँगको सक्रिय संलग्नतामा, उनीहरूलाई सहभागी गराई र उनीहरूको स्वामित्व कायम हुनेगरी, क्रियाकलापहरूको खाका निर्माण, कार्यान्वयन, समतामूलक लाभ वितरण र अनुगमन तथा मूल्यांकन गर्नुपर्नेछ । सम्बन्धन प्राप्त इकाईले प्रस्तावित सेवा सुविधासँग सम्बन्धित सांस्कृतिक समुचितताबारे आदिवासी जनजातिसँग परामर्श गर्नुपर्नेछ र परियोजनामा उनीहरूको सहभागी

हुने वा लाभ हासिल गर्ने अवसरहरू अवरोध गर्ने कुनै पनि आर्थिक, सामाजिक, वा क्षमतासम्बन्धी कठिनाइलाई इकाईले पहिचान र सम्बोधन गर्न प्रयास गर्नेछ ।

त्यस्तै, आदिवासी जनजाति GCF को वित्तीय सहयोगमा सञ्चालित क्रियाकलापमा एक्लो वा अत्यधिक बहुमतयुक्त लाभग्राही समूह भएको अवस्थामा, IPP का तत्वहरू समस्त क्रियाकलापको खाका र वातावरणीय र सामाजिक व्यवस्थापन योजनाहरूमा (वातावरणीय र सामाजिक पूर्व-मूल्यांकनको हिसाबले) समावेश गरिनेछ । यस्तो अवस्थामा, छुट्टै IPP वा IPPF तयारी आवश्यक पर्ने छैन ।

## आदिवासी जनजाति एक्लो लाभग्राही नहुने क्रियाकलापहरू

यस्तो अवस्थामा, योजना निर्माण दस्तावेजहरू र प्रक्रियाहरू बनावट र प्रस्तुतिका हिसाबले फरक हुन सक्छन् तर जे जस्तो भए पनि नीतिअनुरूप हुने नीतिमा उल्लेख छ । सम्बन्धन प्राप्त इकाईले प्रभावित आदिवासी जनजातिको आयोजना लाभहरूसँगको समतामूलक पहुँच हुनेगरी क्रियाकलापहरूको खाका निर्माण र कार्यान्वयन गर्नुपर्नेछ । आदिवासी जनजातिका प्राथमिकता र सरोकार उनीहरूसँग अर्थपूर्ण परामर्श (अग्रिम जानकारीसहितको मञ्जुरीलगायत प्रक्रिया पनि समावेश गरी) सम्बोधन गरिने र यी सब कुराको दस्तावेजीकरण गरिने प्रावधान नीतिले व्यवस्था गरेको छ ।

सम्बन्धन प्राप्त इकाईले IPP जस्ता समयसीमासहितको योजना तयार गर्नेछ । केही अवस्थाहरूमा, क्रियाकलापहरूका समस्त लाभग्राहीहरूलाई सम्बोधन गरी र प्रभावित आदिवासी जनजातिबाट चाहिए जति सूचना समाबिष्ट गरी एक बृहत्तर एकीकृत सामुदायिक विकास योजना तयार गरिनेछ । यस्तो योजना क्रियाकलापका जोखिम र असरबाट आदिवासी जनजाति अलावा अन्य मानिसहरू पनि प्रभावित हुने, एकभन्दा बढी आदिवासी समुदाय सामेल गराइनु पर्ने वा आयोजनाका क्षेत्रीय वा राष्ट्रिय कार्यक्षेत्रअन्तर्गत अन्य जनसंख्या समुहहरू पर्ने अवस्थाहरूमा उपयुक्त हुनसक्ने नीतिमा उल्लेख छ ।

## प्रतिकूल प्रभावको रोकथाम (Avoidance of Adverse Impacts)

आदिवासी जनजातिमाथिको प्रतिकूल प्रभाव यथासक्य रोकथाम गरिनेछ । प्रतिकूल प्रभाव रोकथाम गर्नको लागि संभाव्य वैकल्पिक परियोजना ढाँचाहरू

अपनाउन विकल्पहरूको अन्वेषण गरिसकिएको, र प्रभाव राक्नै नसकिने अवस्थाहरूमा, सम्बन्धन प्राप्त इकाईले प्रभावको प्रकृति र हद साथै आदिवासी जनजातिको जोखिमयुक्तताको स्वरूप र गम्भीरता अनुसार सांस्कृतिक रूपमा समुचित तवरले प्रभाव न्यूनीकरण गर्ने वा सोवापत् क्षतिपूर्ति दिने कुरा नीतिमा जनाइएको छ । प्रभाव न्यूनीकरणका यथोचित उपायहरू र समुचित क्षतिपूर्तिको व्यवस्था आदिवासी महिला, युवा, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिलगायतका आदिवासी जनजातिसँगको पूर्ण र प्रभावकारी सहभागिताको माध्यमबाट निर्धारण गरिने नीतिमा उल्लेख छ ।

स्वेच्छिक एकान्तमा (volunatry isolation) मा बस्ने समुदायलाई GCF लगानीका क्रियाकलापहरूले प्रभावित गर्नसक्ने भएमा, उनीहरूको भूमि, जमिन, वातावरण, स्वास्थ्य र संस्कृतिलाई मान्यता दिन, सम्मान र संरक्षण गर्न, सम्बन्धन प्राप्त इकाईले सबै उपयुक्त उपायहरू अपनाउनेछ । साथै, क्रियाकलापहरूको परिणामस्वरूप हुनआउने उनीहरूसँगको सबै प्रकारका अनिच्छित सम्पर्कबाट जोगिने उपायहरू इकाईले अवलम्बन गर्नेछ । GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापबाट यस्ता अनिच्छित सम्पर्क हुन गएमा क्रियाकलापका सम्बन्धित त्यस्ता पक्षहरूलाई थप अगाडि नबढाइने कुरा नीतिले स्पष्ट पारेको छ ।

## प्रभाव न्यूनीकरण र विकास लाभहरू (Mitigation and Development Benefits)

GCF का ESS[७] मापदण्ड र अन्य सम्बन्धित नीतिहरू जसले रोकथाम, न्यूनीकरण, पुनर्स्थापना, क्षतिपूर्ति साथै साँस्कृतिक तवरले समुचित र दीगो विकास लाभको लागि अवसरहरूको माध्यमबाट प्रतिकूल प्रभावहरू सीमित गर्न प्राथमिकीकृत कदमहरूको व्यवस्था गर्छ, सोअनुसार सम्बन्धन प्राप्त इकाईले आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागितामा वातावरणीय र

(७) वातावरणीय र सामाजिक सुरक्षा नीति (Environmental and Social Safeguards–ESS) भन्नाले GCF का ESS मापदण्डहरू र GCF का अन्तरिम ESS मापदण्डहरू जनाउँदछ (जुन अन्तर्राष्ट्रिय वित्तीय संगठनको कार्यसम्पादन मापदण्डहरूसँग सम्बन्धित छन् र जसलाई GCF को बोर्डले अनुमोदन गरेको छ) । GCF को वातावरणीय र सामाजिक सुरक्षाका आठ सम्पादन मापदण्डहरू (performance standards–PSs) छन् : १) पहुँच र व्यवस्थापन, वातावरणीय जोखिम र संस्थागत वातावरण र सामाजिक व्यवस्थाअन्तर्गतका प्रभाव, २) मजदुर र कार्य अवस्था, ३) स्रोतको प्रभावकारी परिचालन तथा प्रदूषण रोकथाम, ४) सामुदायिक स्वास्थ्य तथा सुरक्षा, ५) भूमि अधिग्रहण र अनैच्छिक स्थानान्तरण, ६) जैविक विविधता तथा दीगो व्यवस्थापनको व्यवस्था, ७) आदिवासी समुदाय, ८) साँस्कृतिक सम्पदा । कुनै पनि निकायले सम्बन्धन प्राप्त गर्न ESS क्षमता प्रदर्शन गर्न आवश्यक पर्छ ।

सामाजिक जोखिम र प्रभाव घटाउने उपायहरू पहिचान गर्नेछ । वातावरणीय र सामाजिक मूल्यांकन र न्यूनीकरणको क्षेत्रअन्तर्गत दुवै सांस्कृतिक र भौतिक प्रभावहरू पर्नेछ । इकाईले स्वीकृत उपायहरू आदिवासी जनजातिलाई समयमा नै उपलब्ध गराउने सुनिश्चित गर्नुपर्ने नीतिमा उल्लेख छ ।

त्यस्तै, आदिवासी जनजातिलाई उपलब्ध गराइने क्षतिपूर्ति र लाभको निर्धारण र वितरण गर्दा उनीहरूका अभ्यास, नियम, प्रथा, क्षमता र लैंगिक समानतामा ध्यान पुऱ्याउनु पर्ने नीतिमा जनाइएको छ । साथै, क्षतिपूर्ति व्यक्तिगत वा सामुहिक रूपमा वा दुवै आधारमा आदिवासी जनजातिसँगको परामर्शको आधारमा निर्धारण गरिने उल्लेख गरिएको छ ।

GCF को वित्तीय सहयोगमा सञ्चालित क्रियाकलापहरूबाट आदिवासी जनजातिलाई हुने लाभहरू विभिन्न कुराहरूमा निर्भर रहन्छ । पहिचान गरिएका अवसरहरूले प्रभावित आदिवासी जनजातिको लक्ष्य तथा प्राथमिकतालाई सम्बोधन गर्ने चेष्ठा गर्नेछ, जसअन्तर्गत उनीहरूको जीवनस्तर र जीविकामा सांस्कृतिक रूपमा समुचित ढंगबाट सुधार गर्ने, परियोजनामा महिलाको भूमिकालाई सबलीकृत गर्ने र आदिवासी समुदाय आश्रित प्राकृतिक स्रोत साधनहरूको दीर्घकालीन दिगोपन कायम गर्ने नीतिमा उल्लेख छ ।

## आदिवासी जनजाति सुहाउँदो अर्थपूर्ण परामर्श (Meaningful Consultation Tailored to IPs)

GCF को वित्तीय सहयोगमा संचालित क्रियाकलापहरूको प्रभावकारी ढाँचा बढावाको लागि, स्थानीय परियोजना सहायता वा स्वामित्व विकास गर्न र ढिलासुस्ती वा विवादको जोखिम कम गर्न, सम्बन्धन प्राप्त इकाईले आदिवासी जनजातिसँग संलग्न गराउने प्रक्रिया अपनाउनु पर्नेछ । यो प्रक्रिया कार्यान्वयन गर्न लायक हुने वित्तिकै र आदिवासी जनजातिका अधिकार र हितलाई असर गर्ने कुनै पनि क्रियाकलापहरू शुरू हुनु अगावै प्रारम्भ हुने र परियोजनाको जीवन अवधिभर चालू रहने नीतिमा उल्लेख छ । यस प्रक्रियाअन्तर्गत सरोकारवाला विश्लेषण र संलग्नता योजना निर्माण, सूचना सार्वजिनीकरण, र स्थानीय भाषा (हरू) मा सांस्कृतिक रूपमा समुचित तवरले र लैंगिक तथा पुस्तान्तरणको हिसाबले समावेशीताका साथ प्रभावित समुदायका प्रथा, मूल्य र मान्यता साथै उनीहरूद्वारा छनौट गरिएका प्रतिनिधिमार्फत् अर्थपूर्ण परामर्श गर्नुपर्ने व्यवस्था नीतिले गरेको छ ।

**अनुच्छेद ५२ अनुसार आदिवासी जनजातिसँगको अर्थपूर्ण परामर्शअन्तर्गत निम्न कुराहरू पनि पर्दछ**

क) आदिवासी जनजातिका प्रतिनिधिमूलक संस्था र उपयुक्तता अनुसार आदिवासी महिला र आदिवासी युवालगायत उक्त समुदायका अन्य सदस्यहरूको संलग्नता। आवश्यकता अनुसार क्षेत्रीय र राष्ट्रिय स्तर अलावा स्थानीय स्तरमा पनि परामर्शको संचालन। सरोकारवाला संलग्नता प्रक्रियामा आदिवासीका प्रतिनिधि र प्रतिनिधिमूलक संस्थाको पहिचान ESS र GCF का अन्य सम्बन्धित नीतिहरूमा व्याख्या गरिए अनुरूप हुनुपर्ने।

ख) परियोजनाको ढाँचा र विकास प्रक्रिया क्रममा यथासंभव चाँडो परामर्श शुरू गर्नुपर्ने र परामर्शले आदिवासी जनजातिका आन्तरिक छलफल र निर्णय प्रक्रियाका लागि यथेष्ठ समय दिनुपर्ने। परामर्श प्रक्रिया बाह्य हेरफेर, हस्तक्षेप, बलजफ्ती र डरत्रासरहित हुनुपर्ने।

ग) परामर्शले आदिवासी जनजातिलाई सकारात्मक वा नकारात्मक रूपले प्रभाव पार्ने क्रियाकलापहरूको ढाँचा निर्माणमा उनीहरूको प्रभावकारी र वैधानिक सहभागिताको निम्ति मार्गप्रशस्त गर्नुपर्ने।

घ) महिला, युवा, अपांगता भएका आदिवासी जनजाति, ज्येष्ठ नागरिकलगायत खासगरी प्रभावित र सीमान्तकृत समुदाय सदस्यहरूको हितलाई ध्यान दिने। साथै उनीहरूको परामर्श र निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागिताको लागि अवसर सिर्जना गरिने।

ङ) आदिवासी जनजातिसँगको संलग्नता प्रक्रियाको प्रभावकारिता बढाउन, उनीहरूको संचारसम्बन्धी क्षमताको मूल्यांकन तथा क्षमता अभिवृद्धि कार्यक्रममा ध्यान पुऱ्याउने। यसअन्तर्गत प्रक्रियामा यथेष्ठ पूर्वतयारी र सहभागिता सुनिश्चित गर्न स्रोतको संभाव्यता र उपलब्धता पर्दछ।

सम्बन्धन प्राप्त इकाई र आदिवासी जनजातिले प्रभावको मात्रा र आदिवासी समुदायको जोखिमयुक्तताको आधारमा यथासक्य चाँडो संलग्नता र परामर्श

प्रक्रियाहरूमा सम्झौता गर्नेछन् । सम्झौताले (खाका दस्तावेज वा योजनाको माध्यमबाट गरिने) आदिवासी जनजाति प्रतिनिधिहरू, सहमति गरिएका परामर्श प्रक्रिया र नियमहरू, संलग्न पक्षहरूको जिम्मेदारीहरू र परिआउने गतिरोध अन्यका उपायहरू पहिचान गर्छ । इकाईले सहमति गरिएको प्रक्रिया सम्बन्धमा आदिवासी जनजातिबाट प्राप्त सहयोग अभिलेखीकरण गर्नेछ ।

## अग्रिम जानकारीसहितको मञ्जुरी चाहिने परिस्थितिहरू (Circumstances for FPIC)

अग्रिम जानकारीसहितको मञ्जुरीको कुनै सर्वपरी परिभाषा छैन । नीतिले यसलाई एक पुनरावृत्तीय प्रक्रियाको रूपमा व्याख्या गरेको छ जसअनुसार बोर्डद्वारा GCF को वित्तीय सहयोग प्राप्त गर्न गरिएका प्रस्तावमाथि विचार गर्नु अघि आदिवासी जनजातिको मञ्जुरी चाहिन्छ । मञ्जुरी उनीहरूको आफ्नै स्वतन्त्र छलफल र निर्णय प्रक्रियाको आधारमा, समयमै यथेष्ठ जानकारी (उनीहरूले बुझ्ने स्थानीय भाषामा, सांस्कृतिक रूपले समुचित ढंगबाट) उनीहरूलाई उपलब्ध गराइएको आधारमा), र महिला तथा युवालगायत सम्मिलित पारदर्शी र समावेशी परामर्श प्रक्रियाको माध्यमबाट, र बलजफ्ती वा डरत्रासरहित ढंगबाट लिइने नीतिमा उल्लेख गरिएको छ ।

**अनुच्छेद ५५, ५६ र ५७ अनुसार अग्रिम जानकारीसहितको मञ्जुरीबारे**

**१) सम्बन्धन प्राप्त इकाईले**

क) सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूअन्तर्गत GCF को वित्तीय सहयोगको लागि प्रस्तावित क्रियाकलापहरू कसरी ती क्रियाकलापहरूसँग प्रत्यक्ष सरोकार राख्ने राज्यका सम्बन्धित कानून र दायित्वहरू सम्मत छ, विशेषगरी परियोजना र कार्यक्रमको स्वरूप निर्माण, कार्यान्वयन र आदिवासी जनजातिमाथि पर्ने जोखिम र प्रभावसँग सम्बन्धित अपेक्षित नतिजाहरूबारे अपनाइने पारदर्शी र समावेशी अग्रिम जानकारीसहितको मञ्जुरी सम्बन्धमा, सोको व्याख्या गर्नेछ ।

ख) GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापको ढाँचा निर्माण र कार्यान्वयन गर्दा महिला, बालबालिका, र युवालगायत आदिवासी

जनजातिको संलग्नता व्याख्या गर्नेछ र आदिवासी जनजातिसँगको परामर्श प्रक्रियाको विस्तृत नतिजा प्रदान गर्नेछ ।

ग) GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापभित्र सम्बन्धन प्राप्त इकाई र प्रवाभित समुदायबीच आपसमा स्वीकार गरिएको प्रक्रियाको अभिलिखित प्रमाण प्रदान गर्नेछ र ती पक्षहरूबीचको वार्ताको नतिजा स्वरूप गरिएको सम्झौताको प्रमाण उपलब्ध गराउनेछ ।

**२) सचिवालयले**

नीति संचालन निर्देशिकाको रूपमा आदिवासी जनजातिसँगको परामर्शको आधारमा अग्रिम जानकारी सहितको मञ्जुरीको प्रयोगबारे मार्गदर्शन बनाउने र कायम गर्नेछ । मार्गदर्शन समयमा नै बनाउनेछ र सम्बन्धित सबै पक्षद्वारा यसको पालना गराउनेछ । GCF अन्तर्गत (जस्तै, बोर्ड निर्णयहरू, नीतिहरू, ESS मापदण्डहरूमा) आदिवासी जनजातिसँगको अग्रिम जानकारीसहितको मञ्जुरी भन्नाले यो नीतिमा व्याख्या गऐिको अनुसारको भन्ने हुनेछ ।

## पराम्परागत रूपमा स्वामित्व भएका वा प्रथाजनित हिसाबले उपयोग गरिएका वा ओगटिएका भूमि तथा प्राकृतिक स्रोत साधनहरूमाथि प्रभावहरू

GCF को वित्तीय सहयोगको लागि प्रस्तावित क्रियाकलापहरू संचालन गर्न भूमि र जमिनसम्बन्धी कानूनी रूपमा स्थापित अधिकार चाहिने अवस्थामा, सरकार र प्रभावित आदिवासी जनजातिसँगको सहकार्यमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता, आदिवासी जनजातिका प्रथा, परम्परा र भू-स्वामित्व प्रणाली सम्बद्ध राज्यका कानून र दायित्व अनुसार त्यस्ता सम्पत्ति अधिकारलाई कानूनी मान्यता सुनिश्चित गर्न सम्बन्धन प्राप्त इकाईले योजना बनाउने नीतिमा उल्लेख छ ।

त्यस्तै, प्रस्तावित क्रियाकलापहरू परम्परागत स्वामित्वमा रहेका भूमिमा अवस्थित रहेमा वा त्यहाँ प्राकृतिक स्रोत साधनहरू विकास गर्न परेमा, इकाईले निम्न कदमहरू चाल्ने र आदिवासी जनजातिको अग्रिम जानकारीसहितको मञ्जुरी लिने, र आदिवासी जनजातिको संलग्नताको लागि योजना र/वा IPP बनाउने (अनुच्छेद ५९) :

क) परम्परागतरूपमा स्वामित्वमा रहेका, प्रयोग गरिएका, वा ओगटिएका भूमि क्षेत्रमा क्रियाकलापहरू प्रस्तावित गरिएको भए त्यस्तो क्षेत्र प्रयोग नगर्न र अन्यथा त्यस्ता क्षेत्र कम गर्न भएका प्रयासहरू दस्तावेजमा उतार्ने ।

ख) परम्परागतरूपमा स्वामित्वमा रहेका, प्रयोग गरिएका, वा ओगटिएका प्राकृतिक स्रोत साधनहरूमाथिको प्रभावहरू रोकथाम गर्न र अन्यथा कम गर्न भएका प्रयासहरू दस्तावेजमा उतार्ने ।

ग) खरिद, भाडामा लिने काम वा अन्तिम उपायको रूपमा भूमि अधिग्रहण गर्नु अगाडि सम्पूर्ण सम्पत्ति दाबी, स्वामित्व व्यवस्था र स्रोत साधनहरूको परम्परागत प्रयोगको पहिचान र समीक्षा गर्ने ।

घ) आदिवासी जनजातिका भूमि माथिको दाबीलाई नकारात्मक रूपमा प्रभाव नपर्नेगरी लैंगिक समावेशीताको आधारमा र महिलाहरूको भूमिकालाई विशेष ध्याद दिई उनीहरूको भूमि र स्रोत साधन प्रयोगको लेखाजोखा र दस्तावेजीकरण गर्ने ।

ङ) आदिवासी जनजाति निम्न कुराहरूबारे जानकार छन् र बुझ्छन् भन्ने सुनिश्चित गर्ने :

- उनीहरूका अधिकार सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूअन्तर्गत GCF क्रियाकलापहरूसँग सम्बन्धित प्रत्यक्ष सरोकार राख्ने राज्यका सम्बन्धित कानून र दायित्वहरू अन्तर्गत आदिवासी जनजातिका भूमि अधिकार
- प्रस्तावित क्रियाकलापको क्षेत्र र प्रकृति ।
- प्रस्तावित क्रियाकलापको सम्भावित प्रभावहरू ।

च) GCF क्रियाकलापहरूले आदिवासी जनजातिका भूमि वा प्राकृतिक स्रोत साधनहरूको व्यापारिक विकासको प्रवर्द्धन गर्ने अवस्थामा, यथोचित प्रक्रिया पालना गर्ने र आदिवासी जनजातिलाई सांस्कृतिक तवरले समुचित दीगो विकाससम्बन्धी अवसरहरूसहित क्षतिपूर्ति दिने (कम्तिमा पनि त्यति मात्रामा जति कुनै एक पूर्ण वैधानिक भूमि मालिकले पाउने थियो) ।

**परम्परागत स्वामित्वमा रहिआएका वा प्रथाजनित हिसाबले प्रयोग गरिएका वा ओगटिएका भूमि वा प्राकृतिक स्रोत साधनहरूबाट आदिवासी जनजातिको स्थानान्तरण :**

बिशेष प्रावधान (अनुच्छेद ६१) बाहेकको अवस्थामा, GCF ले कुनै पनि त्यस्ता क्रियाकलापमा लगानी गर्ने छैन जसबाट आदिवासी जनजातिको अनैच्छिक पुनर्वास[८] हुन्छ । भौतिक विस्थापन (अर्थात बास गुमेर आवश्यक पर्ने स्थानान्तर) हुने खालका क्रियाकलापहरू लगानी गर्नबाट GCF टाढा बस्छ चाहे त्यो पूर्ण वा आंशिक, अस्थायी वा स्थायी, वा आर्थिक र पेशागत विस्थापन (अर्थात् जिन्सीको नाश वा जिन्सीप्रतिको पहुँचको नाश जसको परिणामस्वरूप आय स्रोत वा जिविकोपार्जनका माध्यम गुम्छ) होस् जुन क्रियाकलापले निम्ताउनेछ ।

अनुच्छेद ६१ अनुसार, त्यस्ता विशेष परिस्थितिहरू जहाँ परियोजना वा कार्यक्रमका उद्देश्य प्राप्तिको लागि पुनर्वास वा विस्थापनलाई टार्न सकिन्न, त्यतिखेर पुनर्वास वा विस्थापनलाई निम्न मापदण्ड पूरा गरेमा मात्र अनुमति दिइनेछ : क) माथि ब्याख्या गरिएबमोजिम अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त गरिएमा, ख) उक्त कार्यहरूको लागि राष्ट्रिय कानूनले अधिकार दिएमा, ग) सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताअन्तर्गत GCF क्रियाकलापहरूसँग प्रत्यक्ष सम्बद्ध राज्यका सम्बन्धित कानून र दायित्वहरू अनुरूप ती कार्यहरू गरिएमा, घ) Due diligence को अंशको रूपमा GCF र सम्बन्धन प्राप्त इकाईले निर्धारण गरे बमोजिम ती कार्यहरू युक्तिसंगत र समानुपातिक भएमा, ङ) GCF ESS मापदण्ड र GCF का र इकाईका अन्य सम्बन्धित प्रक्रियाका मापदण्ड संगत भएमा छ) पूर्ण र न्यायोचित क्षतिपूर्ति र पुनर्स्थापना साथै लागू हुने अवस्थामा फर्कन पाउने अधिकारको सुनिश्चितको लागि तिनीहरूको नियमन भएमा ।

इकाईले सम्भाव्य परियोजना स्वरूप विकल्पहरू र जिविकोपार्जन पुनर्स्थापना माध्यमहरूबारे धारणा बनाई सरोकारवालाहरू समक्ष परामर्शको लागि प्रस्तुत गर्नेछ । यस्ता विकल्पहरू र माध्यमहरू GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापका अवयवहरू (components) भन्दा पृथक पनि हुन सक्छन् ।

(८) अनिच्छित पुनर्बास (Involuntary resettlement) भन्नाले परियोजनासँग सम्बन्धित भूमि अधिग्रहण वा भूमि प्रयोगमा छेकबार गर्नाले हुने भौतिक विस्थापन (स्थान्तरण, Residual भूमि वा ओतको गुमेको), आर्थिक विस्थापन (भूमि, सम्पत्ति वा सम्पत्ति पहुँचको गुमेको) जनाउँछ ।

यो व्यवस्था आदिवासी जनजातिले सामूहिक रूपमा प्रयोग गर्दै आएका वा उनीहरू सामूहिक रूपमा जोडिएका भूमि र प्राकृतिक स्रोत साधनहरूबाट उनीहरूको पुनर्बास, स्थानान्तरण, वा विस्थापन नहोस् भन्नका लागि निर्माण गरिन्छ ।

## सांस्कृतिक सम्पदा (Cultural Heritage)

आदिवासी जनजातिका सांस्कृतिक तथा आध्यात्मिक मूल्य मान्यता, परम्परा, भाषा, पहिचानलगायतका साँस्कृतिक सम्पदाहरू प्रस्तावित GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापहरूले प्रभावित हुने सम्भावना रहेको अवस्थामा, त्यस्ता प्रभावहरू टार्ने कुरालाई प्राथमिकता दिइने नीतिमा उल्लेख छ । त्यस्ता नकारात्मक प्रभावहरूबाट उम्कने अवस्था नरहे, सम्बन्धन प्राप्त इकाईले प्रभावित आदिवासी जनजातिको अग्रिम जानकारीसहितको मञ्जुरी लिनेछ ।

त्यसैगरी, प्रस्तावित क्रियाकलापहरूले आदिवासी जनजातिका सांस्कृतिक सम्पदा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्ने कुरा प्रस्ताव भएमा, इकाईले प्रभावित आदिवासी जनजातिलाई पहुँचयोग्य स्थानीय भाषामा, सांस्कृतिक रूपले समुचित तवरले अवगत गराउनेछ ताकि उनीहरूलाई, क) सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौताअन्तर्गत GCF क्रियाकलापहरूसँग प्रत्यक्ष सम्बद्ध राज्यका सम्बन्धित कानून र दायित्वहरू अनुरूप आफ्ना अधिकारहरू थाहा होस्,

ख) प्रस्तावित व्यापारिक विकास र प्रयोगको क्षेत्र र प्रकृति ज्ञान होस्,

ग) त्यस्ता व्यापारिक विकास र प्रयोगको सम्भावित परिणामहरूको वोध होस, र

घ) उनीहरूबाट अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त होस् । आदिवासी जनजातिको प्रथा र परम्पराअनुरूप त्यस्ता व्यापारिक लाभहरू समतामूलक हिसाबले उनीहरूसम्म पुऱ्याउने सुनिश्चितता सम्बन्धन प्राप्त इकाईले गर्ने नीतिमा उल्लेख छ ।

## गुनासो सुनुवाई संयन्त्र (Grievance Redress Mechanism)

आयोजनासँग सम्बन्धित आदिवासी जनजातिका सरोकारहरूलाई सम्बोधन गर्न GCF को वित्तीय सहयोग प्राप्त सबै क्रियाकलापहरूले परियोजनास्तरमा

एक प्रभावकारी गुनासो सुनुवाई संयन्त्र स्थापना गर्ने व्यवस्था नीतिमा छ । सम्बन्धित आदिवासी जनजातिसँगको परामर्श आधारमा संयन्त्र निर्माण गरिने र प्रभावित समुदाय, व्यक्ति वा समूहका गुनासो, सवाल एवं सरोकारलाई सहज, सुलभ, न्यायोचित, पारदर्शी, बदलाभावरहित र सांस्कृतिक हिसाबले समुचित ढंगबाट अविलम्ब सम्बोधन गरिने नीतिमा उल्लेख छ ।

त्यसैगरी, संभव र उपयुक्त भएसम्म, संयन्त्रले विद्यमान औपचारिक वा अनौपचारिक गुनासो सम्बोधन संयन्त्रहरूको उपयोग गर्ने र संयन्त्रले राज्य प्रणालीअन्तर्गत उपलब्ध न्यायिक वा प्रशासनिक उपचारहरूको प्राप्त गर्ने कुरामा कुनै पूर्वाग्रह नराख्ने जनाइएको छ । संयन्त्रले GCF को स्वतन्त्र सुनुवाई संयन्त्र वा सम्बन्धन प्राप्त अथवा कार्यान्वयन इकाईको गुनासा सुनुवाई संयन्त्रहरूको पहुँचमा पनि कुनै वाधा नपर्ने स्पष्ट पारिएको छ । अधिकतम प्रभावकारिताको निम्ति, संयन्त्रले व्यवसाय र मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्दान्तहरूको धारा ३१ मा व्यवस्था गरिएबमोजिम गैरन्यायिक गुनासा संयन्त्रको लागि प्रभावकारिता मापदण्डहरू ख्याल गर्ने जिकिर गरिएको छ ।

**अनुच्छेद ६७ अनुसार गुनासो सुनुवाई संयन्त्रमा निम्न कुराहरू हुनेछन्**

क) भाषागत कठिनाई र गुनासोकर्ताको पहिचान गोपनीयताको आवश्यकतालाई ख्याल गर्दै आदिवासी जनजातिलाई उनीहरूका गुनासा दर्ता गर्ने विभिन्न माध्यमहरूको उपलब्धता ।

ख) गुनासोकर्ताको पहिचान गोपनीयताको व्यवस्था, विशेषगरी गुनासोकर्तालाई प्रतिशोधको भय भएको अवस्थामा ।

ग) भाषिक कठिनाई हल गर्न भाषानुवाद र दोभाषेको व्यवस्था ।

घ) गुनासो दर्ता किताव जसमा सार्वजनिक रूपमै उपलब्ध डाटाबेसको काम गर्ने ।

ङ) विज्ञापन गरिएको गुनासा दर्ता प्रक्रिया, माध्यम र कारबाहीको विभिन्न चरणका निम्ति समय अवधिहरू, शासकीय र निर्णय लिने संरचनाहरू ।

च) गुनासो पुनरावेदन प्रक्रिया ।

छ) GCF र सम्बन्धन प्राप्त वा कार्यान्वयन इकाईका संयन्त्रहरूमा उपलब्ध गुनासो सुनुवाई संयन्त्रहरूबारे जानकारी ।

ज) गुनासोकर्तालाई प्रतिशोधबाट जोगाउने उपायहरू ।

GCF वा सम्बन्धन प्राप्त इकाईका सम्बन्धित संयन्त्रहरूका गुनासो समाधानका उपायहरूसँग प्रयोगकर्ताहरू सन्तुष्ट नभएको खण्डमा आयोजना वा क्रियाकलापले मध्यस्थताको वैकल्पिक व्यवस्था गर्नेछ । संयन्त्रले प्रथाजनित कानून, सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूअन्तर्गत GCF क्रियाकलापसँग प्रत्यक्ष सरोकार राख्ने राज्यका सम्बन्धित कानून र दायित्वहरू, विवाद समाधान संयन्त्रहरू र उपयुक्तताका आधारमा आदिवासी जनजातिका न्याय प्रणालीलाई ध्यान दिने र स्वतन्त्र आदिवासी विज्ञ प्रयोग गर्न सक्ने नीतिमा उल्लेख छ ।

त्यस्तै, गुनासो सुनुवाइको कुनै पनि चरणमा GCF को स्वतन्त्र सुनुवाई संयन्त्र र सचिवालयको आदिवासी जनजाति सम्पर्क व्यक्ति सहायताको लागि उपलब्ध हुनेछ । गुनासो GCF को स्वतन्त्र सुनुवाई संयन्त्रमा दर्ता भएमा, सम्बन्धन प्राप्त इकाई, कार्यान्वयन इकाई, सम्बन्धित राष्ट्रिय अधिकार प्राप्त निकाय, र अन्य कुनै पनि सम्बद्ध पक्षले स्वतन्त्र सुनुवाई संयन्त्रलाई आवश्यक सम्पूर्ण सूचना दिनेलगायत कुराहरूमा सहयोग गर्नेछ । यसको अलावा, सम्बन्धन प्राप्त र कार्यान्वयन इकाईले स्वतन्त्र सुनुवाई संयन्त्रले सिफारिश गरेबमोजिम बोर्डले निर्देशन दिएका उपचारात्मक उपायहरू तुरून्त कार्यान्वयन गर्ने पनि नीतिमा जनाइएको छ ।

## आदिवासी जनजाति र बृहत्तर योजना निर्माण (Indigenous Peoples and Broader Planning)

GCF को म्याण्डेट सम्मत जलवायु परिवर्तन कार्यहरूमा आदिवासी जनजातिको सहभागिताको निम्ति योजना, रणनीति अथवा अन्य गतिविधिहरू GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापको रूपमा सम्बन्धन प्राप्त इकाईले विविध प्रयोजनहरूको लागि प्रस्ताव गर्न सक्ने कुरा नीतिमा उल्लेख छ, जस्तै क) प्रथाजनित वा परम्परागत भूस्वामित्व व्यवस्थाको मान्यता स्थापित गराउन स्थानीय कानूनलाई मजबुत गर्न, ख) आदिवासी जनजातिबीच विद्यमान लैंगिक, सामाजिक आर्थिक विभाजन र अन्तर्राष्ट्रिय समस्याहरू सम्बोधन गर्न, ग) परम्परागत ज्ञानलाई बौद्धिक सम्पत्ति अधिकारको माध्यमबाट संरक्षण गर्न,

ङ) विकास योजना वा कार्यक्रममा आदिवासी जनजातिको सहभागिताको लागि उनीहरूको क्षमता अभिवृद्धि गर्ने, च) आदिवासी जनजातिलाई सेवा प्रदान गर्ने सरकारी निकायको क्षमता अभिवृद्धि गर्ने, छ) आदिवासी महिला र अपांगता भएका व्यक्तिहरूलगायत अन्य सीमान्तकृत समूहहरूको अर्थपूर्ण समावेशिता र सहभागिता विकास गर्ने ।

राष्ट्रिय निकाय[९](Nataionally Designated Authority-NDA) र सम्बन्धन प्राप्त इकाईले निम्नलगायत विविध विषयहरूसँग सम्बन्धित कार्यक्रमहरूको लागि प्रस्ताव पेश गर्न सक्नेछन् : क) आदिवासी जनजातिसँगको सहकारितामा सरकारद्वारा निर्मित आदिवासी जनजातिका विकाससम्बन्धी प्राथमिकताबारे सहयोग, ख) आदिवासी जनजातिका संस्कृति, जनसांख्यिक संरचना, लिंग र अन्तरपीढी सम्बन्ध (Intergnerational relations) तथा सामाजिक संगठन, संथा, उत्पादन प्रणाली, धार्मिक आस्था र स्रोत उपयोग पद्दतिलाई लिखित रूपमा राख्न उनीहरूको सहभागितात्मक प्रोफाइल तयारी, ग) आदिवासी जनजाति समुदायको जलवायु परिवर्तन समानुकूलन (climate resiliency) प्रबर्द्धन गर्न सरकार, आदिवासी जनजाति संगठनहरू, नागरिक समाज संगठनहरू र निजी क्षेत्रबीच साझेदारी सहजीकरण ।

## ७. कार्यान्वयन (Implementation)

कार्यान्वयन व्यवस्था (Implementation Arrangements) नीतिले GCF का विद्यमान नीतिहरू तथा अभ्यासहरू (विशेषगरी ESS मापदण्डहरूलगायत वातावरणीय र सामाजिक जोखिम र प्रभाव व्यवस्थापनसम्बन्धी) लाई सहयोग गर्छ । यसको कार्यान्वयनले GCF, सचिवालय[१०], राष्ट्रहरू, सम्बन्धन प्राप्त इकाईहरू र कायन्वयन इकाईहरूको भूमिका र दायित्वलाई ध्यान दिनेछ । साथै, नीतिले आदिवासी जनजातिसँग सम्बन्धित अन्तरिम GCF का ESS मापदण्ड, लैंगिक नीति र कार्ययोजना र अन्य नीतिहरूको पूरकरूपमा काम गर्छ । यो नीति आदिवासी जनजातिसँग सम्बन्धित GCF का अन्य नीतिहरूसँग बाझेमा यो नीति लागू हुने समेत नीतिमा उल्लेख छ र यो नीति भन्दा पहिल्यै

(९) राष्ट्रिय निकाय (Nationally Designated Authority–NDA) सरकार नियन्त्रित संस्था हो । यसको काम GCF र राष्ट्रबीचको मुख्य संचार केन्द्रको रूपमा रही सहजीकरण गर्नु हो । नेपालमा अर्थ मन्त्रालयले GCF को लागि राष्ट्रिय निकायको भूमिकामा काम गर्छ । यस निकायले राष्ट्रिय कार्यान्वयन इकाई जसले GCF सँग लगानीको अपेक्षा गरेको हुन्छ उक्त इकाईलाई आयोजनाको लागि No Objection Letter पनि प्रदान गर्छ ।

(१०) GCF को सचिवालय ।

बोर्ड[११]द्वारा अनुमादित GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापहरूको हकमा पनि, सम्बन्धन प्राप्त इकाईले यसै नीतिअनुरूप कार्य गर्न यथासंभव प्रयास गर्नेछ भनी नीतिमा जनाइएको छ ।

अनुगमन तथा मूल्यांकन सम्बनधमा, बोर्डले सचिवालयको आवधिक प्रतिवेदनहरूमार्फत् नीतिको कार्यान्वयनको नियमित अनुगमन गर्ने तथा प्रत्येक पाँच वर्षमा समीक्षा गर्ने र सचिवालयले नीति कार्यान्वयनको आवधिक मूल्यांकन गर्ने व्यवस्था नीतिमा छ ।

एकजना वरिष्ठ आदिवासी जनजाति विषेशज्ञ सचिवालयमा नियुक्त गरिने, उक्त व्यक्तिले नीति कार्यान्वयनको व्यवस्थापनसम्बन्धी जिम्मेवारी बहन गरी आदिवासी जनजाति सम्पर्क व्यक्तिको रूपमा रहने र GCF, सम्बन्धन प्राप्त इकाई र कार्यान्वयन इकाई, राज्य र आदिवासी जनजातिबीच समन्वय सुदृढ गर्न एउटा आदिवासी जनजाति सल्लाहकार समूह स्थापना गरिने नीतिमा उल्लेख छ ।

**सल्लाहकार समूहको कार्यहरू (अनुच्छेद ८१ अनुसार)**

- आदिवासी जनजातिलाई प्रभावित पार्ने GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापहरूसम्बन्धी आदिवासी जनजाति सर्म्पक व्यक्ति, राष्ट्रिय निकाय, सम्बन्धन प्राप्त इकाई र कार्यान्वयन इकाईलाई सल्लाह र परामर्श दिने ।
- नीतिको कार्यान्वयन र अनुगमनको समीक्षा गर्ने, (विशेषगरी आदिवासी जनजाति, GCF, राज्य, सम्बन्धन प्राप्त इकाई र कार्यान्वयन इकाई र अन्य विज्ञहरूबीचको सम्बाद सुदृढ गर्ने उपयुक्त पद्धति (modality) बारे) ।
- बोर्डलाई सल्लाह तथा मार्गदर्शन दिने ।

**सल्लाहकार समूहको छनौट (अनुच्छेद ८२ अनुसार)**

- समूहमा चार आदिवासी जनजाति प्रतिनिधिहरू विकासोन्मुख देशरूहरूको क्षेत्रहरू (जहाँ GCF को वित्तीय सहयोग लागू हुन्छ वा GCF ले लगानी गर्नसक्छ) चयन गरिने ।

(११) GCF को बोर्ड ।

- प्रतिनिधिहरूको छनौट आदिवासी जनजातिको अगुवाईमा हुने स्व-छनौट प्रक्रियाबाट गरिने ।
- लैंगिक सन्तुलनलाई ध्यान दिइने ।
- समूहले चयन भएका सदस्यहरूबारे सचिवालयलाई जानकारी गराउने ।
- सचिवालयसँगको सहकार्यमा समूहले गर्ने कार्यहरूको सन्दर्भ-सर्त (Terms of Reference) बनाउने ।

## सञ्चालन निर्देशिका (Operational Guidelines)

नीति कार्यान्वयनका प्राविधिक तथा प्रशासनिक पक्षहरू समेटी सञ्चालन निर्देशिका सम्बन्धन प्राप्त इकाई र कार्यान्वयनकर्ता इकाई, राज्य, आदिवासी जनजाति परामर्श समूह र आदिवासी जनजातिसँग परामर्श गरी सचिवालयले बनाउने र कायम राख्ने नीतिमा जनाइएको छ ।

## सूचना सार्वजनिकीकरण (Information Disclosure)

आदिवासी जनजाति र उनीहरूका अधिकार प्राप्त सल्लाहकारहरूलाई सार्वजनिक गरिएका सबै सूचनाहरू सांस्कृतिक र सामाजिक रूपमा समुचित तवरले (आदिवासी समुदायका सम्बन्धित भाषाहरूको माध्यमबाट समेत गरी) प्रदान गरिएको सुनिश्चितता सम्बन्धन प्राप्त इकाई र कार्यान्वयन इकाईले गर्नेछ । आदिवासी जनजातिलाई सूचनामाथि विचार विमर्श र समीक्षा गर्न पर्याप्त समय दिइनुपर्ने र सूचना प्रवाह गर्दा सम्बन्धन प्राप्त इकाईले GCF को सूचना सार्वजनिकीकरण नीति र GCF सँग गरिएको सम्बन्धित सम्झौता अनुरूप हुनुपर्ने नीतिमा उल्लेख छ ।

## सरोकारवाला संलग्नता (Stakeholder Engagement)

GCF को वित्तीय सहयोग प्राप्त क्रियाकलापले प्रभावित पारेका वा प्रभावित पार्न सक्ने समुदाय र मानिसहरूसँग अर्थपूर्ण परामर्शको प्रक्रिया सुनिश्चित गर्न सम्बन्धन प्राप्त इकाई र कार्यान्वयन इकाईलाई सहयोग गर्ने हेतुले GCF द्वारा निर्माण गरिएको कुनै पनि प्रक्रिया र मार्गदर्शनमा नीति लागू हुनेछ ।

## जवाफदेहिता (Accountability)

सम्बन्धन प्राप्त इकाईले नीतिको पालना गर्नुपर्नेछ । नीति कार्यान्वयन गर्न इकाईसँग आफ्ना नीति, पद्धति, र दक्षता हुनुपर्नेछ। सम्बन्धन प्राप्त गरिसकेपछि, सम्बन्धन प्राप्त इकाई उसका आफ्नै नीति नियम र पद्धतिमार्फत् यस नीति कार्यान्वयन गर्न जिम्मेदार हुनेछन् । नीतिको नतिजाको लागि सचिवालय जिम्मेवार रहनेछ र पूर्व-मूल्यांकन (due diligence) को अंशको रूपमा, सचिवालयले GCF लगानीका क्रियाकलापहरू नीतिअनुसार कार्यान्वयन भएको सुनिश्चित गर्ने नीतिमा जनाइएको छ ।

## देशको स्वामित्व र संलग्नता (Country Ownership and Engagement)

राष्ट्रिय रणनीतिक खाका र लगानी प्रस्तावहरू निर्माण गर्न राष्ट्रिय समन्वय र सरोकारवाला संलग्नता प्रक्रियाहरूका सर्बोत्तम अभ्यासहरूको पुरकको रूपमा काम नीतिले गर्नेछ र नीति यी प्रक्रियाहरूका साथै GCF का आगामी त्यस्ता प्रक्रियाहरूमा लागू हुनेछ । GCF वित्त लगानीप्रति देशको स्वामित्व (देशको स्वामित्वको अर्थ सरकारको स्वामित्व मात्र नभई आदिवासी जनजातिलगायतको स्वामित्व पनि हो) सुनिश्चित र सुदृढ गर्न यस नीतिले योगदान दिने कुरा नीतिमा झल्काइएको छ । विशेषगरी, राष्ट्रिय जलवायु परिवर्तन प्राथमिकता र रणनीतिलाई परिभाषित गर्ने परामर्शदायी प्रक्रियाले आदिवासी जनजातिसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय नियम कानूनबारे विचार गर्नैपर्छ भनी नीतिले राष्ट्रिय निकाय र सम्पर्क निकाय/व्यक्तिलाई सूचित गर्दछ। अझ, परामर्शदायी प्रक्रियाको माध्यमबाट गरिने राष्ट्रिय समन्वयका मापदण्डहरू र विकल्पहरूले आदिवासी जनजातिलाई उपयुक्त तवरबाट समावेश गराउनै पर्ने नीतिमा प्रावधान छ। सम्बन्धन प्राप्त इकाई र देशले प्रस्ताव निर्माण गर्दा, साथै प्रस्ताव स्वीकृत भइसकेपछिको चालु अनुगममन र मूल्यांकन गर्दा GCF ESS का सम्बन्धित मापदण्डहरू पालना गर्नुपर्ने नीतिले स्पष्ट पारेको छ ।

## रेडप्लस कार्यहरू (REDD-plus Actions)

रेडप्लस कार्यहरूलाई सहयोग गर्ने GCF को वित्तमा संचालित क्रियाकलापहरूमा नीति लागू हुनेछ। क्रियाकलापहरूअन्तर्गत GCF ले निर्माण गरेका रेडप्लससम्बन्धी तयारी चरण, नतिजामा आधारित भुक्तानी, पहुँच र लगानीका मोडालिटीहरू,

मार्गदर्शन, सन्दर्भ-सर्त, र मूल्यांकन औजारहरू आदि पर्दछन् । त्यसैले GCF को वित्तीय सहयोगको लागि प्रस्तावित कुनै पनि रेडप्लस क्रियाकलापहरूले यो नीतिका आवश्यकताहरू GCF का अन्य सम्बन्धित नीतिहरू तथा मापदण्डहरू (जस्तै पेरिस सम्झौता र रेडप्लसको लागि वार्सा खाका लगायत UNFCCC अन्तर्गतका निर्णयहरू) सँग तादत्मयता कायम गरी सम्बोधन गर्ने सुनिश्चित गर्नुपर्ने नीतिमा उल्लेख छ । यसो गर्दा, सरोकारवालाहरूअन्तर्गत नीतिमा परिभाषित गरिएअनुरूप आदिवासी जनजातिलाई समावेश गराइनुपर्नेछ ।

## दक्षता र क्षमता अभिबृद्धि (Competency and Capacity Building)

आदिवासी जनजातिका सवाल र अधिकारलाई बुझ्न र तिनीहरूलाई उचित तवरले सम्बोधन गर्न GCF ले उसको सचिवालयलगायत सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्ने नीतिमा जनाएको छ । त्यसैगरी, GCF भित्रका स्वतन्त्र प्यानलहरू र सल्लाहकार समूहहरूमा आदिवासी जनजाति वा आदिवासी जनजातिका सवालहरूबारे विज्ञता भएकाहरूलाई समावेश गरिने र सचिवालयले आदिवासी जनजाति विज्ञहरूको सूची बनाउने र त्यसको समीक्षा र अद्यावधिक आदिवासी जनजाति र विद्धान् (scholarly) र नीति रेफ्रीहरूहरूसँगको परामर्शमा गरिने उल्लेख छ । सचिवालयलाई आदिवासी जनजातिका सवालहरूसम्बन्धी चेतना विकास गर्न तालिम दिइने र GCF सँग सबै तहमा आदिवासीको प्रभावकारी संलग्नता सुनिश्चित गर्न (तयारी सहयोग प्रस्ताव वा लगानी प्रस्तावको रूपमा) क्षमता अभिबृद्धि कार्यक्रमहरू GCF ले सहयोग गर्ने नीतिमा उल्लेख छ । त्यस्ता सहयोगअन्तर्गत न्यूनतम परामर्श, जनवकालत, आयोजना कार्यान्वयन र व्यवस्थापनको लागि संस्थागत विकासका साथै आयोजना प्रस्ताव निर्माण र अनुगमन तथा मूल्यांकनकमा आदिवासी जनजातिको प्रभावकारी संलग्नता पर्ने जनाइएको छ । राज्य र सम्बन्धन प्राप्त इकाईले नीति कार्यान्वयन गर्ने आफ्नो क्षमता अभिबृद्धि गर्न GCF सँग तयारीको लागि सहयोग अनुरोध गर्न सक्नेछन् ।

## स्रोतको बाँडफाँड (Resource Allocation)

आदिवासी जनजातिका आवश्यकता तथा प्राथमिकतालाई सम्बोधन गर्ने एवं जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनबारे उनीरूका प्रयासहरूलाई सहयोग गर्ने प्रस्तावलाई GCF ले ध्यान दिनेछ । जलवायु परिवर्तनले आदिवासी

जनजाति निम्ति असमानता झन् बढाएको भए त्यसलाई सच्याउन अथवा उनीहरू GCF सहयोग बाट यथेष्ठरूपमा लाभान्वित नभएको अवस्थामा GCF ले आफ्नो लगानी आदिवासी जनजातिका जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसम्बन्धी कार्यक्रमतर्फ लक्षित गर्नसक्ने नीतिमा जनाइएको छ ।

नीतिको उद्देश्य भनेको नै आदिवासी जनजातिको सहभागिता र संलग्नता प्रबर्द्धन गर्नु रहेको हुँदा, आदिवासी जनजातिको संलग्नता र उनीहरूलाई हुने लाभको प्रबर्द्धनसहितको प्रस्तावित क्रियाकलापहरूलाई अतिरिक्त भार र महत्व दिने तर्फ GCF ले सोच्न सक्ने नीतिमा उल्लेख गरेको छ ।

## ज्ञान र संचार (Knowledge Generation and Communication)

आदिवासी जनजाति र जलवायु परिवर्तन, अन्य संगठनहरूका साथै नीतिको कार्यान्वयनको अनुभवको आधारमा ज्ञान सृजित गर्न र सो आदान-प्रदान गर्न GCF प्रतिवद्ध छ । संलग्न सबै सरोकारवालाहरूको क्षमता विकासमा ज्ञानको प्रयोग गरिनेछ । यो UNFCCC अन्तर्गतको अनुच्छेद १३५, निर्णय १/सी.पी.२१ को कार्यान्वयन (विशेषतः जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनको निम्ति आदिवासी जनजाति र स्थानीय समुदायमा निहित ज्ञान सबलीकरण र प्रयोग गर्नेसम्बन्धी) सम्मत हुने र यसले पूरकको रूपमा काम गर्ने नीतिमा जनाइएको छ । आदिवासी जनजाति संलग्नताप्रतिको GCF को प्रतिबद्धता सम्प्रषित गर्दै, नीति र यसका संचालन निर्देशिकाद्वारा एक रणनीतिक संचार क्रियाकलाप जानकारी दिनेछ जुन GCF को संचार योजना र सचिवालयको जिम्मेदारीको एक अभिन्न अंगको रूपमा रहनेछ । सम्बन्धन प्राप्त इकाईले पनि यो क्रियाकलापमा सहयोग गर्नुपर्नेछ ।

## ८. नीति लागू मिति र समीक्षा (Effective Date and Review)

बोर्डले अनुमोदन गरे अलग्गै यो नीति लागू भएको छ । नीति लागू भएको पाँच वर्षपछि नीतिले उद्देश्य हासिल गरे नगरेकोबारे पुनरावलेकन र मूल्यांकन गरी सोको आधारमा नीतिमा संशोधन गरिनेछ । स्वतन्त्र मूल्यांकन एकाईले नीति कार्यान्वयनको सम्परिक्षण गर्नेछ । यस क्रममा आदिवासी जनजाति, प्रभावित समुदाय र अन्य नागरिक समाज संगठनहरूसँग परामर्श गरी उनीहरूका राय सुझाव लिइने नीतिमा उल्लेख छ ।

•••

Nepal Federation of Indigenous Nationalities (NEFIN)
Climate Change Partnership Program
Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4415376
E-mail: **info@nefinclimatechange.org**, Website: **www.nefinclimatechange.org**

Support

Partner

IWGIA

2018